# भाग ५

नेपाल सरकार

## उद्योग मन्त्रालयको सूचना

नेपाल सरकारले कम्पनी ऐन, २०६३ को दफा २ को खण्ड (ज्ञ) ले दिएको अधिकार प्रयोग गरी सोही ऐनको दफा १३६क. को प्रयोजनको लागि मिति २०६४।०२।१४ को नेपाल राजपत्रमा प्रकाशित उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना नं. १ को देहायको क्रमसङ्ख्या २१ पछि देहायको क्रमसङ्ख्या २१क. र अनुसूची-२८ पछि देहायको अनुसूची-२८क. थप गरेको छ :-

"२१क.दफा १३६क. को प्रयोजनको लागि यो दफा प्रारम्भ हुंदाका बखत कारोबार सञ्चालन नगरेका वा सञ्चालनमा नरहेका,विवरण पेश नगरेका वा जरिवाना नबुझाएका कम्पनीको दर्ता खारेज गर्नको लागि दिने निवेदनको ढाँचा अनूसूची-२८क. मा उल्लेख भए बमोजिम हुनेछ।"



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

" अनुसूची-२८क.

(दफा १३६क. को उपदफा (१) सँग सम्वन्धित)

कम्पनीको दर्ता खारेज गर्नको लागि दिने निवेदनको ढाँचा

मिति : .................

श्रीमान रजिष्ट्रारज्यू
कम्पनी रजिष्ट्रारको कार्यालय,
त्रिपुरेश्वर, काठमाडौं ।

बिषय : कम्पनीको दर्ता खारेज गरिपाऊँ ।

महोदय,

म/हामीले देहाय बमोजिमको कम्पनी, कम्पनी ऐन, २०६३ को दफा १३६क. मा भएको व्यवस्था अनुसार दर्ता खारेजी गर्ने निर्णय गरिएकोले देहायको कागजात समेत अनलाइन निवेदन नं................ मार्फत संलग्न राखी कम्पनीको दर्ता खारेजीको लागि अनुरोध गरेको छु/ गरेका छौं ।

यस कम्पनीको कुनै ऋण र दायित्व बाँकी छैन । यस कम्पनी दर्ता खारेजी भए पश्चात् समेत कम्पनीको तर्फबाट कुनै दायित्व, ऋण वा व्यायभार बाँकी रहे भएको देखिएमा म/हामी व्यक्तिगत रुपमा व्यहोर्न समेत मन्जुर रहेको व्यहोरा अनुरोध गर्दछु/गर्दछौं ।

कम्पनीको विवरण:

१.नाम : .....................    २. कम्पनी दर्ता नं. ...................

३.कम्पनी दर्ता मिति ...........    ४. ठेगाना : ..............................

५. फोन नं. ...............    ६. इमेल ठेगाना : .........................

७. चुक्ता पूँजी ................



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

संलग्न कागजातहरु :

१. सञ्चालक समिति र साधारण सभाको कम्पनीको दर्ता खारेज गर्ने निर्णयको प्रति,

२. कम्पनी दर्तापछि हालसम्मको साधारण सभाको प्रतिवेदनको प्रति,

३. कम्पनी दर्तापछि हालसम्मको लेखापरीक्षण प्रतिवेदनको प्रति,

४. कम्पनी ऐन, २०६३ को दफा ५१ मा उल्लेख भए अुनसारको विवरण,

५. कर चुक्ता प्रमाणपत्रको प्रति,

६. कारोबार सञ्चालनका लागि कुनै निकायको अनुमति लिएको भए सोको प्रतिलिपी ।

निवेदक

| सि.नं. | सञ्चालक/संस्थापकहरुको नाम | ठेगाना | फो.नं./ मोबाइल नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

आज्ञाले,
शंकरप्रसाद कोइराला
नेपाल सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. १०।-
गो.हु.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।